आज मिति २०८१ साल श्रावण महिना २७ गते आइतबारका दिन विहान ११:०० बजे बेनी नगरपालिकाका नगर प्रमुख श्री सुरत के.सी.ज्यू को अध्यक्षतामा बसेको आ.व. २०८१/०८२ को पहिलो नगर कार्यपालिकाको बैठकमा तपसिल बमोजिमको उपस्थितिमा निम्नानुसारका निर्णय गरियो ।

| सि.नं. | नामथर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २. | श्री ज्योती लामिछाने पौडेल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३. | श्री नेत्रप्रसाद पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत, बेनी न.पा | |
| ४. | श्री रमेश कुमार श्रेष्ठ | प्रवक्ता, बेनी न.पा., ७ नं. वडा अध्यक्ष | |
| ५. | श्री टेक बहादुर थापा | १ नं. वडा अध्यक्ष, बेनी न.पा. | |
| ६. | श्री याम बहादुर क्षेत्री | २ नं. वडा अध्यक्ष, बेनी न.पा. | |
| ७. | श्री पदम बहादुर पुन | ३ नं. वडा अध्यक्ष, बेनी न.पा. | |
| ८. | श्री अण बहादुर खड्का | ४ नं. वडा अध्यक्ष, बेनी न.पा. | |
| ९. | श्री गोविन्द बानियाँ | ५ नं. वडा अध्यक्ष, बेनी न.पा. | |
| १०. | श्री कृष्ण बहादुर बानियाँ | ६ नं. वडा अध्यक्ष, बेनी न.पा. | |
| ११. | श्री उत्तम कुमार कर्माचार्य | ८ नं. वडा अध्यक्ष, बेनी न.पा. | |
| १२. | श्री चक्र बहादुर के.सी. | ९ नं. वडा अध्यक्ष, बेनी न.पा. | |
| १३. | श्री मसविर रोका | १० नं. वडा अध्यक्ष, बेनी न.पा. | |
| १४. | श्री कृष्ण कुमार वि.क. | नगर कार्यपालिका सदस्य | |
| १५. | श्री किसान विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १६. | श्री मन कुमारी विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १७. | श्री सृजना श्रेष्ठ | नगर कार्यपालिका सदस्य | |
| १८. | श्री सुजाता किसान | नगर कार्यपालिका सदस्य | |
| १९. | श्री बविता सापकोटा | नगर कार्यपालिका सदस्य | |
| २०. | श्री मिना कुमारी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१. | श्री निर्मला मल्ल | नगर कार्यपालिका सदस्य | |
| अन्य उपस्थितिः | | | |
| | | | |

# बेनी नगरपालिका
## नगर कार्यपालिकाको बैठक
## वि.सं. २०८१।०४।२७
## ने.सं. ११४४ गुंलाथ्व, षष्ठी, आइतबार

**निर्णयहरू**

१. चालू आर्थिक वर्षका योजना तथा कार्यक्रमहरू कार्यान्वयन छलफल भयो। चालू आर्थिक वर्षका योजना तथा कार्यक्रमको कार्यान्वयन प्रभावकारी तथा दिगो रूपमा गर्ने गरी प्रबन्ध गर्ने। उपभोक्ता समितिहरूबाट सम्पादन हुने योजना तथा कार्यक्रमहरू आगामी पुस मसान्तसम्म सम्झौता गरिसक्ने।

२. गत आर्थिक वर्षको योजना तथा कार्यक्रमहरूको कार्यान्वयन समीक्षा आगामी भदौ महिनाको दोश्रो हप्तासम्ममा गर्ने। समीक्षा कार्यक्रममा वडा सचिवहरूको समेत उपस्थिति गराउने। सबै वडा कार्यालयहरू तथा शाखाहरूले समीक्षा कार्यक्रमको तयारी गर्ने।

३. चालू आर्थिक वर्षको लागि म्याग्दी जिल्लाले तय गरेको जिल्ला दररेटलाई नै बेनी नगरपालिकाको लागि स्थानीय दररेट कायम गर्ने । जिल्ला दररेटमा उल्लेख नभएको स्थानीय ग्राबेलको दररेट रूपैयाँ पाँचसय प्रति घनमिटर (Rs. 500/Cube meter) तोक्ने।

४. बेनी नगरपालिकामा चालू आर्थिक वर्षमा कार्यान्वयन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका तपसिलका योजनाहरु स्वीकृत गर्ने । साथै रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत बेनी नगरक्षेत्रका जम्मा ९९६ (नौ सय छयान्ब्बे) जना बेरोजगार व्यक्तिहरूको नामावली प्रकाशन गर्ने।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरु २०८१/०८२

| क्र.स | योजना नाम | वडा नं. | जम्मा रकम | रोजगारी संख्या १०० दिन (जना) |
|---|---|---|---|---|
| क | नेपाल सरकार | | | |
| १ | कमेरेडांडा देखि हुलाके पदमार्ग निर्माण योजना | १ | १४२४०० | २ |
| २ | भसभसे, गणेश मन्दिर, हंशवाहिनी आ.वि. पदमार्ग निर्माण योजना | २ | २५४६०० | ३.५८ |
| ३ | मुसुङ्ग मोटरवाटो सोलिङ्ग योजना | ३ | २१३६०० | ३ |
| ४ | पौलस्त्य मा. वि. सिरानटोल गोरेटोबाटो निर्माण योजना | ५ | १४२४०० | २ |
| ५ | भुतपानी डडुवा मोटरबाटो मर्मत योजना | ५ | २१३६०० | ३ |
| ६ | पिकनिक स्थल देखि हुलाकचोक पदमार्ग निर्माण योजना | ७ | १४२४०० | २ |
| ७ | खोरिया हुँदै तल्लोपानी घुम्ती मोटरवाटो सोलिङ्ग योजना | ८ | १४२४०० | २ |
| ८ | रातामाटा पोखरा गिठिनी पदमार्ग निर्माण योजना | ९ | १४२४०० | २ |
| ९ | मुलबारी थाकन पदमार्ग निर्माण योजना | ९ | २१३६०० | ३ |



सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| १० | घतान ढोल्ठान पदमार्ग निर्माण योजना | ९ | २८४८०० | ४ |
| ११ | गहते अनाजे मोटरबाटो सोलिङ्ग योजना | १० | २८४८०० | ४ |
| | जम्मा | | २,१७७,००० | ३०.५८ |
| ख | आई. डि. ए. | | | |
| १ | वगाय झोलुङ्गेपुल देखि देउराली पदमार्ग मर्मत सम्भार योजना | १ | १८१,६०० | २.५५ |
| २ | डोले भुकभुके स्वर्गाश्रम मोटरवाटो मर्मत सम्भार योजना | ३ | ५६९६०० | ८ |
| ३ | सिंगा बाँझगरा धुपिबोट मोटरवाटो मर्मत सम्भार योजना | ४ | २१३६०० | ३ |
| ४ | कमेरेपानी कुमाल्डी मोटरबाटो मर्मत सम्भार योजना | ५ | २१३६०० | ३ |
| ५ | ढांडपानी पछै घतानकोट मोटरबाटो मर्मत सम्भार योजना | ५ | ३५६००० | ५ |
| ६ | नयागाउँ गाजने मोटरबाटो मर्मत सम्भार योजना | ५ | ५६९६०० | ८ |
| ७ | छापा राम्चे मोटरबाटो मर्मत सम्भार योजना | ६ | १४२४०० | २ |
| ८ | काउरोटा आरोटा पिपलरुख पदमार्ग मर्मत सम्भार योजना | ९ | २१३६०० | ३ |
| ९ | फुटेढुङ्गा बतासे कुवागैरा पदमार्ग मर्मत सम्भार योजना | ९ | १४२४०० | २ |
| १० | देउतिसरा हिला मोटरबाटो मर्मत सम्भार योजना | १० | २१३६०० | ३ |
| | जम्मा | | २८१६००० | ३९.५५ |
| | कुल जम्मा | | ४,९९३,००० | ७०.१३ |

५. संयुक्त राष्ट्र संघ विकास कार्यक्रम (UNDP) को आर्थिक सहयोगमा हुन लागेको नयाँ कार्यक्रम Temporary Basic Income-TBI कार्यक्रममा नगरपालिकाका अति विपन्न तीन सय चालीस जना महिलाहरू छनोट गर्ने प्रयोजनार्थ योग्यता पुगेका महिलाहरुको निवेदनहरु संकलन गरी बेनी नगर कार्यपालिकाको कार्यालयमा पठाउन वडा कार्यालयहरूलाई पत्राचार गर्ने।

६. बेनी नगर कार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत करार सेवाका कर्मचारीहरूको कार्यसम्पादनको स्तर तथा निजहरूले पेस गरेको निवेदनको आधारमा सबै करार सेवाका कर्मचारीहरुको सेवा करार अवधी म्याद २०८१ पौष मसान्त सम्मका लागि थप गर्ने। वडास्तरमा कार्यरत सबै करारका कर्मचारीहरूको करार सम्झौताको प्रति सम्बन्धित वडामा समेत पठाउने तथा अर्को पटक म्याद थप सम्बन्धमा निर्णय गर्दा सम्बन्धित वडा कार्यालयको राय तथा मूल्यांकनसमेतको आधारमा गर्ने व्यवस्था मिलाउने।

७. गत आर्थिक वर्षसम्म वडा नं. ९ र १० को लागि कार्यरत पशुसेवा प्राविधिक शेर बहादुर सुवेदीको करार सम्झौता आगामी भदौ १ गतेदेखि लागू हुनेगरी २०८१ पौष मसान्त सम्मको लागि थप/ निरन्तरता गर्ने।

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

८. गत वर्षदेखि नै म्याग्दी जिल्लाका सबै स्थानीय तहहरु तथा जिल्ला समन्वय समिति तथा जिल्ला प्रशासन कार्यालय र गण्डकी प्रदेश सरकारकोसमेत समन्वय तथा सहयोगमा जिल्ला प्रशासन कार्यालय, म्याग्दीको डेस्कबाट सेवा प्रवाह गरिरहेका सामी सहजकर्ता प्रमिला पौडेल भट्टराईलाई चालू वर्षमा यस कार्यालयबाट सञ्चालन हुने सामी कार्यक्रमको लागि करार निरन्तरता दिने भन्ने जिल्ला समन्वय समितिको कार्यालय, म्याग्दीको पत्र तथा निजको छनोटको सम्बन्धमा जिल्ला समन्वय समितिका समन्वय अधिकारीको संयोजकत्वमा गठित समितिको निर्णयसमेतको आधारमा कार्यालयले निरन्तरता गर्ने गरी गरेको निर्णयलाई स्वीकृत गर्ने ।

९. बेनी नगर कार्यपालिकाको कार्यालयका लागि चालू आर्थिक वर्षका लागि आवश्यक सामी मनोसामाजिक परामर्शदाताको करार पदपूर्तिका लागि खुला विज्ञापन गर्ने ।

१०. नगर कार्यपालिकाको कार्यालयमा कार्यरत पशु चिकित्सक आषिश सापकोटालाई भेटेनरी निरीक्षकमा तोक्ने कार्यका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।

११. नगर कार्यपालिकाको कार्यालयले "घ" वर्गको निर्माण व्यवसायी फर्म इजाजतपत्रको नामसारी गर्दा नामसारी भई जाने प्रोप्राइटरसँग सम्बन्धित कार्यविधिले आवश्यक ठहराएका इकुइपमेण्टहरू (Vehicles and Equipment) भएको यकीन गरेरमात्र गर्ने ।

१२. बेनी नगरपालिका वडा नं. ७ मा रहेको घरधनी चन्द्र कुमारी के.सी.को घरमा भाडामा बसेका मालिका गाउँपालिका-५ स्थायी ठेगाना भएका रग बहादुर बुढाथोकीले लामो समयसम्म भाडा पनि नतिर्ने र घर खाली पनि नगरेको भनी न्यायीक समितिमा परेको ऊजुरी सम्बन्धमा न्यायीक समितिबाट भएको घर खाली गराउने निर्णयलाई नगर प्रहरीको समन्वयमा कार्यान्वयन गर्ने ।

१३. बेनी नगरपालिका अन्तर्गत कार्यरत संलग्न कर्मचारी तथा जनप्रतिनिधिहरूको सवारी साधन इन्धन र मर्मत खर्च तपसिल बमोजिम भुक्तानी गर्ने ।

तपसिल:

सवारी साधनका लागि इन्धन बापत् मासिक उपलब्ध गराउने रकम:

| क्र.सं. | कर्मचारीहरुको प्रकृति | प्रति कर्मचारी इन्धन परिमाण (लिटर) | कैफियत |
|---|---|---|---|
| १ | बेनी नगर कार्यपालिकाको कार्यालयमा कार्यरत इन्जिनियरिङ सेवा, पशुसेवा प्राविधिक र सबै अधिकृतस्तरका कर्मचारीहरु | १० (दश) | |
| २ | बेनी नगर कार्यपालिकाको कार्यालयमा कार्यरत इन्जिनियरिङ सेवा बाहेकका सहायकस्तरका कर्मचारीहरु र नगर प्रहरी प्रमुख | ८ (आठ) | |
| ३ | श्रेणबिहीन कर्मचारीहरु तथा स्कुटर चालक कर्मचारीहरु सबै | ५ (पाँच) | |
| नोटः | | | |



सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

| | |
|---|---|
| १) कार्यालय प्रमुखले आवश्यक देखेमा माथि उल्लिखित बाहेक मासिक थप १० लिटर सम्म उपलब्ध गराउन सक्नेछ। | |
| २) निजी सवारी साधन प्रयोग गर्ने कर्मचारीहरुले अनिवार्य रुपमा आफ्नै नाममा दर्ता भएको सवारी साधनको बिल बुक र लाइसेन्सको प्रतिलिपि जिन्सी शाखा पेस गरी लगत कायम गर्नुपर्नेछ। | |

**सवारी साधन मर्मत बापत् मासिक उपलब्ध गराउने रकमः**

| क्र.सं. | कर्मचारीहरुको प्रकृति | प्रति कर्मचारी मासिक रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | वडा अध्यक्षहरु | २००० | |
| २ | बेनी नगर कार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालयहरुमा कार्यरत अधिकृत तथा सहायकस्तरका कर्मचारीहरु | २००० | |
| ३ | नगर प्रहरीहरु | १५०० | |
| ४ | श्रेणबिहीन कर्मचारीहरु | १००० | |

<u>नोटः</u>

कार्यालय प्रमुखले आवश्यक देखेमा सवारी साधनको अवस्था तथा कार्य जिम्मेवारीको संवेदनशीलता समेतलाई ध्यानमा राखी स्वीकृत लागत अनुमानका आधारमा लागत अनुमान भन्दा नबढ्ने गरी मर्मत खर्च उपलब्ध गराउन सक्नेछ। मर्मत खर्च १० महिनाको मात्र उपलब्ध गराइनेछ। निजी सवारी साधन प्रयोगकर्तालाई वर्षको २५०० थप उपलब्ध गराइने छ।

१४. कार्यालयले कार्यान्वयनमा ल्याएको SEVIMS सफ्ट्वेयरलाई सबै शाखा, स्वास्थ्य संस्थाहरू र वडा कार्यालयहरूले सम्पूर्ण रूपमा कार्यान्वयनमा ल्याउने । अब आइन्दा सेवाप्रवाहको दौरान हुने सबै कार्यहरूलाई उक्त सफ्ट्वेयरमा प्रविष्टि गरी घर नंबर समेत उल्लेख गरेर मात्र थप कार्यबाहीका लागि पठाउने।

१५. बिइभि ट्रेडिङ प्रा.लि.ले यस नगरपालिकाको वडा नं. ८, कालीपूलमा स्थापना गर्ने सवारी साधन चार्जर स्टेशनको लागि आवश्यक विद्यूतीय प्रबन्धका लागि विद्यूत प्राधिकरण, बेनी शाखालाई सिफारिस माग गरी पठाएकोले नगरपालिकाले नियमानुसारको कर/दस्तुर लिनेगरी माग गरि आएबमोजिम सिफारिस गरिदिने।

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

१६. बेनी नगरपालिकाको चालू आर्थिक वर्ष (२०८१।८२) मा उपमेयरसँग आमा समूह कार्यक्रममा बिनियोजित रकमबाट बेनी नगरपालिकाको वडा नं. १ र ५ मा कार्यक्रम सञ्चालन गर्ने गरी व्यवस्था मिलाउने।

१७. सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत गत वर्षमा रहेको नगरपालिकाको व्यवसाय कर संकलनमा म्याग्दी उद्योग वाणिज्य संघसँग भएको साझेदारी निरन्तरता गर्ने र चालू वर्षमा संकलित रकमको पैंतीस प्रतिशत रकम साझेदारी कोषमा राखी कानूनबमोजिम उक्त कोषबाट कार्यक्रम सञ्चालन हुने प्रबन्ध मिलाउने।

१८. बेनी नगर कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुबाट सम्पत्ति कर तथा भूमि कर संकलन गर्न सकिने गरी व्यवस्था मिलाइएको तथा यसका लागि वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई क्षमता विकास कार्यक्रम समेत गर्दै आएको भए तापनि अधिकांश वडा कार्यालयहरुबाट संकलन कार्य नभएको तथा यसप्रति स्थानीय बासिन्दाहरुले गुनासो समेत आउने गरेकोले अब उप्रान्त सबै वडा कार्यालयहरूबाट नै सम्पत्ति कर र भूमि कर संकलन गर्नका लागि पत्राचार गर्ने।

१९. अनुसूची १ मा उल्लेखित गत वर्षबाट नियमानुसार दायित्व सरी आएका योजना तथा कार्यक्रमहरू र भुक्तानी हुन बाँकी योजनाहरुको चालू आर्थिक वर्षमा भुक्तानी दिनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने।

२०. यस नगरपालिका वडा नं २, लब्लिहीलमा "नेपाल मोनोरेल प्रा.ली." नामक संस्थाले जग्गा लिजमा लिई पर्यटन प्रवर्द्धन गर्नको लागि लगानी गर्ने गरी उक्त जग्गा लिजमा लिनको लागि सहजीकरण गरिदिन नगरपालिकामा निवेदन पेस हुन आएको तथा उक्त क्षेत्रमा पर्यटन विकासको सम्भावना हुनुका साथै नगरपालिकाले समेत पर्यटन विकासलाई उच्च प्राथमिकतामा राखेकोले उक्त क्षेत्रमा पर्यटन विकास तथा प्रवर्द्धन गर्नका लागि नेपाल सरकारको सरकारी जग्गा लिजमा दिनेसम्बन्धी कार्यनीति, २०७९ बमोजिम अन्य विषयहरू कानूनबमोजिम पछि निर्णय गर्नेगरी हालका लागि उल्लिखित कार्यनीतिबमोजिम स्थानीय समितिलाई जग्गा लिजमा दिने प्रकृया प्रारम्भ गरिदिन सिफारिस गर्ने।

२१. बेनी नगरपालिका, वडा नं. ६, थाकनपोखरीमा गत आर्थिक वर्षमा निर्माण भएको शहरी स्वास्थ्य केन्द्रमा सौचालय निर्माणका लागि प्राविधिकले तयार गरेको लागत अनुमान बमोजिम जिल्ला समन्वय समिति, म्याग्दीसँग साझेदारी गर्न अनुरोध गर्ने।

२२. बेनी नगरपालिकाको फोहोरमैला संकलन तथा व्यवस्थापनका लागि जिम्मा लिएको स्क्राफ्ट सेन्टर प्रा.ली.सँगको सम्झौता अवधी २०८१ श्रावण १ गते देखि समाप्त भएको तथा उक्त प्रा.ली.ले गत आ.व. मा सम्झौता गरेको रकममा दश प्रतिशत वृद्धि गरी सम्झौता थप गरी दिन निवेदन पेस गरेकोले बेनी नगरपालिकाको फोहोरमैला संकलन तथा व्यवस्थापन बापत् गत आ.व.को रकममा दश प्रतिशत वृद्धि गरी प्रति महिना १,५९,५०० रुपैयाँ उक्त प्रा.ली.लाई उपलब्ध गराउने गरी २०८१ पौष मसान्त सम्मका लागि म्याद थप गर्ने।

सुरत के.सी.
नगर प्रमुख